2242/443

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**

**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. २६३/०७३/७४**

**निर्णय नं. ४४३**

काठमाडौं जिल्ला, कागेश्वरी मनहरा न. पा.-५, ब्रह्मखेल निबासी कमल थापा ............१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, कागेश्वरी मनहरा नगरपालिकाको कार्यालय, काठमाडौं .......................१ } विपक्षी

**विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।**

काठमाडौं जिल्ला, कागेश्वरी मनहरा न. पा.-५, ब्रह्मखेल निबासी कमल थापाले कागेश्वरी मनहरा नगरपालिकाको कार्यालय, काठमाडौं समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०६।१० मा पुनरावेदन गरेको । प्रस्तुत पुनराबेदनको सम्बन्धमा यस आयोगबाट मिति २०७३।०९।२२ मा पुनराबेदकलाई ७ (सात) दिन भित्र माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी कागेश्वरी मनहरा नगरपालिकाको कार्यालय, काठमाडौंको नाममा आदेश जारी भएको । तत् पश्चात कागेश्वरी मनहरा नगरपालिकाको कार्यालय, काठमाडौंले मिति २०७३।१०।१४ मा पुनराबेदकलाई माग बमोजिमको सूचना उपलब्ध गराएकोले मिति २०७३।१०।२४ मा पुनराबेदकले आयोगलाई धन्यबाद सहित मिसिलको लगतकट्टा गरिदिए हुन्छ भनी निवेदन दिएकाले सो सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७३ साल माघ २८ गते रोज ६ शुभम्